नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८३/८४

चलानी नं.:- ऐन-४/ ४४

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०८३/०७/१२

सांस्कृतिक संस्थान
दर्ता नं. ३०४
दर्ता मिति: २०८३-७-१२
मिति :

श्री सांस्कृतिक संस्थान,
जमल, काठमाडौं।

विषयः- स्वीकृत विनियमावली पठाइएको सम्बन्धमा।

प्रस्तुत विषयमा सांस्कृतिक संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०८३ यस मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०८३/०६/३० को निर्णयानुसार स्वीकृत भएको छ। उक्त स्वीकृत कार्यविधिको सक्कल प्रति यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

बिष्णु ओली
(कानून अधिकृत)

मा.मन्त्रिबाट स्वीकृत मिति: २०८३/६/३०

# सांस्कृतिक संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०८३

सांस्कृतिक संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सञ्चार संस्थान ऐन, २०२८ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सांस्कृतिक संस्थानले देहायका विनियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी विनियमहरूको नाम "सांस्कृतिक संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०८३" रहेको छ।

(२) यो विनियमावली सूचना तथा सञ्चार मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **सांस्कृतिक संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७८ को विनियम २ मा संशोधनः** सांस्कृतिक संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७८ (यसपछि "मूल विनियमावली" भनिएको) को विनियम २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "कर्मचारी" भन्नाले संस्थानमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ।"

(२) खण्ड (च) पछि देहायका खण्ड (च१), (च२) र (च३) थप गरिएको छ :-

"(च१) "कलाकार" भन्नाले विशेष ज्ञान, सीप, क्षमता, बौद्धिकता एवम् कौशलताबाट उत्पन्न सिर्जनशील तथा रचनात्मक कला अभिव्यक्त गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले राष्ट्रको पहिचान तथा संस्कृतिलाई कलात्मक ढंगले अभिव्यक्त गर्ने व्यक्ति समेतलाई जनाउँछ।

(च२) "कलाकार प्राविधिक" भन्नाले कलाकार सेवा अन्तर्गत श्रव्यदृश्य सम्बन्धी क्रियाकलापमा संलग्न कर्मचारीलाई सम्झनु पर्छ ।

(च३) "कला प्रशिक्षण" भन्नाले संस्थानको गायन, वादन, नृत्य, नाट्य अभिनय तथा संस्कृति सम्बन्धी प्रशिक्षण क्रियाकलापलाई सम्झनु पर्छ ।

(३) खण्ड (छ) र खण्ड (ड) झिकिएको छ ।

(४) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छ।

"(ण) "महाप्रबन्धक" भन्नाले संस्थानको बहालवाला महाप्रबन्धक सम्झनु पर्छ।"

(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) राखिएको छ।

"(ञ१) "नाट्य अभिनय" भन्नाले रंगमञ्चमा नाटकका पात्रद्वारा अभिनय तथा हाउभाउको माध्यमबाट प्रदर्शित गरिने कलालाई सम्झनु पर्छ ।"

(६) खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छ।

"(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संस्कृति हेर्ने मन्त्रालय सम्झनु पर्छ।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

(७) खण्ड (त) पछि देहायको खण्ड (त१) राखिएको छ।

"(त१) "संङ्गीत" भन्नाले गायन, वादन र नृत्यको सामूहिक रूपलाई सम्झनु पर्छ ।"

३. **मूल विनियमावलीको विनियम ४ मा संशोधनः** मूल विनियमावलीको विनियम ४ को उपविनियम (२) सट्टा देहाएको उपविनियम (२) राखिएको छः-

"(२) संस्थानमा रहेका सेवा, समूह, पद र तह अनूसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ ।"

४. **मूल विनियमावलीको विनियम ५ मा संशोधनः** मूल विनियमावलीको विनियम ५ को उपविनियम (२) को सट्टा देहायको उपविनियम (२) राखिएको छः-

"(२) संस्थानको सेवामा देहायका तहका पद रहनेछन्:-

(क) अधिकृत स्तर

(१) नवौं तह

(२) आठौं तह

(३) सातौं तह

(४) छैठौं तह

(ख) सहायक स्तर

(१) पाँचौं

(२) चौथौ

(ग) तहविहीन

(१) तेस्रोस्तर

(२) दोस्रोस्तर

(३) पहिलोस्तर"

५. **मूल विनियमावलीको विनियम ६ मा संशोधनः** मूल विनियमावलीको विनियम ६ को,--

(१) उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छः-

"(१) संस्थानको सेवामा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

**प्रशासन र कलाकार सेवाः**

| स्तर | तह | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | |
|---|---|---|---|---|
| | | | कार्यक्षमताको मूल्याङ्कन | स्तरवृद्धि |
| तहविहीन (कलाकार सेवा) | पहिलोस्तर | १००% | - | |
| | दोस्रोस्तर | – | | स्तरवृद्धि |
| | तेस्रोस्तर | - | | स्तरवृद्धि |
| सहायक | चौथो (प्रशासन) | १००% | – | – |
| | चौथो (कलाकार) | ५०% | ५०% | – |
| | पाँचौ(प्रशासन/कलाकार) | - | १००% | - |
| अधिकृत | छैटौं(प्रशासन/कलाकार) | ७०% | ३०% | |

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं



डा. विक्रम तिमिल्सिना
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | सातौं(प्रशासन/कलाकार) | - | १००% | - |
| | आठौं(प्रशासन/कलाकार) | - | १००% | - |
| | नवौं | - | १००% | - |

(२) उपविनियम (१) पछि देहायको उपविनियम (१क.) थप गरिएको छः-

"(१क.) कलाकार सेवातर्फका तह चारका पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति गर्दा उक्त पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कलाकार सेवाका तहविहीन तेस्रोस्तरमा कार्यरत कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन्।"

(३) उपविनियम (२) को सट्टा देहायको उपविनियम (२) राखिएको छः-

"(२) प्रत्येक वर्ष उपविनियम (१) बमोजिम पदसंख्या निर्धारण गर्दा सोही आर्थिक वर्षको असार मसान्तसम्म रिक्त पदसंख्याको आधारमा पदसंख्या निर्धारण गरी आयोगको वार्षिक कार्यतालिका अनुसार पदपूर्ति गरिनेछ ।"

(४) उपविनियम (२) पछि देहायको उपविनियम (२क.) थप गरिएको छः-

"(२क.) कलाकार सेवाका प्रथमस्तरवाट दोस्रो र तेस्रोस्तरमा विनियम ४४क. बमोजिम स्तरवृद्धि हुनेछ ।"

६. **मूल विनियमावलीको विनियम १० मा संशोधनः** मूल विनियमावलीको विनियम १० को,-

(१) उपविनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) थप गरिएको छः-

"(क) सहायक तह र तहविहीन पदमा अठार वर्ष पूरा भई पैतिस वर्ष ननाघेको।"

(२) उपविनियम (२) को सट्टा देहायको उपविनियम (२) राखिएको छ :-

"(२) वहालवाला स्थायी कर्मचारीको हकमा उमेर हद लाग्ने छैन ।"

७. **मूल विनियमावलीको विनियम ३१ मा संशोधनः** मूल विनियमावलीको विनियम ३१ को सट्टा देहाय बमोजिम विनियम ३१ राखिएको छः-

"३१. **सेवा करारमा नियुक्तिः** (१) संस्थानको कुनै पनि पदमा करारमा नियुक्ति गरिने छैन।

तर संस्थानमा कुनै निश्चित कार्यक्रम कार्यान्वयन गर्नका लागि दरबन्दी नभएको वा आवश्यक योग्यता पुगेको व्यक्ति नभएको अवस्थामा वा संस्थानमा रिक्त रहेको दरबन्दी मध्येबाट खुला प्रतियोगितातर्फ छुट्याइएको पदमा स्थायी पदपूर्ति प्रक्रिया अघि बढिसकेको भए तापनि स्थायी पदपूर्ति नभएसम्मका लागि संस्थानलाई तत्काल कर्मचारीको आवश्यकता परेमा छ महिनामा नबढाई समितिको स्वीकृति लिई अख्तियारवालाले सेवा करारमा नियुक्ति गर्न सक्नेछ ।

(२) सहयोगी कार्य गर्ने सवारी चालक, कार्यालय सहयोगी जस्ता पदमा सेवा करारमा लिन सकिनेछ।

(३) उपविनियम (१) र (२) बमोजिम सेवा करारमा नियुक्ति गर्दा प्रतिस्पर्धा गराएर मात्र नियुक्ति गरिनेछ।

(४) सेवा करारमा नियुक्त व्यक्तिको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू करारनामामा उल्लेख भए बमोजिम हुनेछ।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं



मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

(५) संस्थानले सेवा करारमा कर्मचारी नियुक्ति गर्नका लागि पदको कार्यविवरण, नियुक्ति प्रक्रिया, उम्मेदवारको योग्यता तथा मापदण्ड सम्बन्धी व्यवस्था स्वीकृत गरी सार्वजनिक गर्नु पर्नेछ।

(६) उपविनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएको वा भ्रष्टाचार सम्बन्धी अभियोगमा भविष्यमा कुनैपनि सार्वजनिक पदका लागि अयोग्य ठहरिने गरी बरखास्त गरिएको व्यक्तिलाई सेवा करारमा नियुक्ति गर्न सकिने छैन ।

(७) संस्थानको सांस्कृतिक कार्यक्रमका लागि विद्यमान जनशक्तिवाट अपुग हुने अत्यावश्यक कलाकार तथा प्राविधिक जनशक्तिलाई अख्तियार प्राप्त अधिकारीले समितिको स्वीकृति लिई कार्यक्रम अवधिभरका लागि ज्यालादारीमा काममा लगाउन सक्नेछ ।"

८. **मूल विनियमावलीको विनियम ३२ मा संशोधनः** मूल विनियमावलीको विनियम ३२ को उपविनियम (१) को खण्ड (ख) पछाडि देहाएको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर कलाकार सेवाका कर्मचारी आ-आफ्नो समूहका विधामा मात्र बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।"

९. **मूल विनियमावलीको विनियम ४० मा संशोधनः** मूल विनियमावलीको विनियम ४० को,-

(१) उपविनियम (२) को खण्ड (ख) र (ग) मा रहेको "सम्बन्धित" भन्ने शब्दहरू पछि "सेवाको" भन्ने शब्द थप गरिएको छ।

(२) उपविनियम (३) को सट्टा देहायको उपविनियम (३) राखिएको छः-

"(३) महाप्रबन्धक नै पुनरावलोकनकर्ता भएको अवस्थामा पुनरावलोकन समितिमा निज र सञ्चालक समितिले तोकेको समितिको कुनै एकजना सदस्य सहित दुईजनाको पुनरावलोकन समिति रहनेछ।"

१०. **मूल विनियमावलीको विनियम ४४ मा संशोधनः** मूल विनियमावलीको विनियम ४४ को उपविनियम (२) पछि रहेको उपविनियम "(४)" लाई उपविनियम "(३)" कायम गरिएको छ।

११. **मूल विनियमावलीको विनियम ४४ पछि देहायको विनियम ४४क.थप गरिएको छः**

"४४क.**कलाकार सेवाको पदमा स्तरवृद्धिः** (१) कलाकार सेवाको तहविहीन पदमा शुरू नियुक्ति हुने कर्मचारीको प्रथमस्तर कायम हुनेछ ।

(२) विनियम ३४ वमोजिम अयोग्य नभएको कलाकार सेवाको तहविहीन पदमा कार्यरत कर्मचारीलाई अख्तियारवालाले देहाय वमोजिम स्तरवृद्धि गर्नेछः-

(क) ८ वर्ष वा सोभन्दा वढी र १६ वर्षभन्दा कम स्थायी सेवा अवधि भएकोलाई द्वितीयस्तर,

(ख) १६ वर्ष वा सो भन्दा वढी स्थायी सेवा अवधि भएकोलाई तृतीयस्तर ।"

१२. **मूल विनियमावलीको विनियम ४८ मा संशोधनः** मूल विनियमावलीको विनियम ४८ झिकिएको छ।

१३. **मूल विनियमावलीको विनियम ५१ मा संशोधनः** मूल विनियमावलीको विनियम ५१ को उपविनियम (३) पछि देहायको उपविनियम (४) थप गरिएको छः-

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरवार, काठमाडौं



मा. डा. विक्रम तिमिल्सिना मन्त्री

"(४) कर्मचारी कार्यालयमा भए, नभएको वा कार्यालय समय भित्र कर्मचारी काममा सहभागी भए, नभएको विषयमा अख्तियारवालाले छड्के जाँच गर्न सक्नेछ । यसरी जाँच गर्दा कुनै कर्मचारी ढिला गरी कार्यालय हाजिर भएको, अख्तियार प्राप्त कर्मचारीको स्वीकृति बिना अनुपस्थित भएको वा कार्यालय समयमा बाहिर गएको देखिएमा निजलाई गयल गर्ने र स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो कर्मचारीलाई विभागीय कारबाही समेत गरिनेछ ।"

१४. **मूल विनियमावलीको विनियम ६१ मा संशोधनः** मूल विनियमावलीको विनियम ६१ को सट्टा देहायको विनियम ६१ राखिएको छः-

"६१. **पर्यटन बिदाः** (१) स्थायी सेवा अवधि एक वर्ष पूरा भएको कर्मचारीलाई प्रत्येक दुई आर्थिक वर्षमा एक पटक स्वदेश भित्र सांस्कृतिक पर्यटनको लागि संस्कृति खोज-अनुसन्धान गर्न बढीमा आठ दिनका लागि सांस्कृतिक पर्यटन बिदा दिन सकिनेछ । त्यस्तो बिदा पाएको कर्मचारीले अनिवार्य रुपमा प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(२) पर्यटन बिदामा बस्ने कर्मचारीले नेपाल सरकारका समान तहका कर्मचारीलाई तोके बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

(३) यो विनियम प्रारम्भ हुनु अघि पर्यटन बिदा लिएका कर्मचारीको हकमा बिदा लिएको दोस्रो आर्थिक वर्ष भुक्तान भएपछि मात्र यस्तो बिदा लिन पाउनेछ।"

१५. **मूल विनियमावलीको विनियम ७६ मा संशोधनः** मूल विनियमावलीको विनियम ७६ को उपविनियम (३) झिकिएको छ।

१६. **मूल विनियमावलीको विनियम ७७ मा संशोधनः** मूल विनियमावलीको विनियम ७७ को सट्टा देहायको विनियम ७७ राखिएको छः-

"७७. **कर्मचारी बीमाः** (१) संस्थानको स्थायी कर्मचारीको जीवन बीमाको लागि सावधिक जीवन बीमा कोष स्थापना गरिनेछ। जीवन बीमाको बीमाङ्क रकम सबै तहका कर्मचारीको दुई लाख रूपैयाँ हुनेछ। बीमाङ्क हिसाब गर्दा सेवा अवधि बीस वर्ष मानिनेछ।

(२) संस्थानका कर्मचारीको मासिक तलबबाट चार सय रूपैयाँ कट्टा गरी सो कट्टा गरिएको रकम बराबर त्यति नै रकम संस्थानले थप गरी उपविनियम (१) बमोजिमको कोषमा जम्मा गरिनेछ। सो बीमा कोषमा जम्मा भएको रकम मध्येबाट कर्मचारी सेवा निवृत्त हुँदा निजलाई बिमांक रकम र बोनस भुक्तानी दिइनेछ।

(३) उपविनियम (२) बमोजिम रकम कट्टा गर्न शुरू गरेको बीस वर्ष अवधि नपुगी कुनै संस्थानको कर्मचारीको मृत्यु भएमा निजको परिवारले दुई लाख रूपैयाँ पाउनेछ । कुनै कर्मचारी सेवाबाट अनिवार्य अवकाश भएमा देहाय बमोजिमको रकम प्रदान गरिनेछः-

(क) एक वर्ष भन्दा कम अवधि रकम कट्टी गरिएको भएमा २० हजार रूपैयाँ,

(ख) एक वर्षदेखि पाँच वर्षसम्म रकम कट्टी गरिएको भएमा ५० हजार रूपैयाँ,

(ग) पाँच वर्षदेखि दश वर्षसम्म रकम कट्टी गरिएको भएमा १ लाख रूपैयाँ,

(घ) दश वर्षदेखि पन्ध्र वर्षसम्म रकम कट्टी गरिएको भएमा १ लाख ५० हजार रूपैयाँ,

(ङ) बीस वर्षसम्म रकम कट्टी गरिएको भएमा २ लाख रूपैयाँ ।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं



मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

तर निजले जम्मा गरेको रकम र सोको व्याज लाभांश रकम उल्लेखित रकम भन्दा बढी हुन आएमा सोही बराबर रकम कोषबाट प्रदान गरिनेछ।

(४) कुनै कर्मचारीले उपविनियम (२) बमोजिम रकम जम्मा गर्न शुरू गरेको बीस वर्ष नपुगी अनिवार्य अवकाश भएको अवस्थामा बाहेक अन्य जुनसुकै किसिमबाट सेवाबाट अलग भएमा त्यस्तो कर्मचारीलाई समर्पण मूल्य बराबरको रकम उपलब्ध गराइने छ।

(५) उपविनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थानको सेवाबाट अवकाश हुने कर्मचारीले सावधिक जीवन बीमा बापत जम्मा गरेको रकम बीस वर्ष वा सोभन्दा कम अवधिमा परिपक्व हुने गरी निरन्तरता दिन सक्नेछ । तर सो बापत संस्थानले कुनै रकम बेहोर्ने छैन।

(६) संस्थानको कामको सिलसिलामा नेपाल भित्र वा विदेशमा भ्रमण वा काजमा जाने कर्मचारीलाई भ्रमण वा काजको अवधिका लागि समितिले देहायको रकमसम्मको वैयक्तिक दुर्घटना बीमा गरिदिनेछ।

| | |
|---|---|
| (क) महाप्रबन्धक | सात लाख रुपैयाँ |
| (ख) अधिकृत तह ८ र ९ | छ लाख रुपैयाँ |
| (ग) अधिकृत तह ६ र ७ | पाँच लाख रुपैयाँ |
| (घ) सहायकस्तर र तहविहिन | चार लाख रुपैयाँ " |

१७. <u>मूल विनियमावलीको विनियम ८० मा संशोधनः</u> मूल विनियमावली विनियम ८० को उपविनियम (३) पछि देहायको उपविनियम (४), (५), (६), (७), (८), (९) र (१०) थप गरिएको छः-

"(४) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि यो विनियमावली लागु भएपश्चात संस्थानको सेवामा सेवा प्रवेश गर्ने सबै स्थायी कर्मचारीलाई योगदानमूलक उपदान प्रणालीमा आवद्ध गरिनेछ ।

(५) उपविनियम (४) बमोजिम योगदानमूलक उपदान प्रणाली लागू हुने संस्थानका कर्मचारीको हकमा विनियम (१), (२) र (३) को व्यवस्था लागू हुने छैन ।

(६) उपविनियम (४) बमोजिमको संस्थानको कर्मचारीको योगदानमा आधारित उपदानको लागि कर्मचारीको मासिक तलबबाट छ प्रतिशतले हुन आउने रकम कट्टा गरी सो बराबरको रकम संस्थानबाट थप गरी प्रत्येक महिना कर्मचारी सञ्चय कोषमा दाखिला गर्नु पर्नेछ।

(७) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमूलक उपदान पाउने गरी नियुक्त कुनै कर्मचारी बेतलबी वा असाधारण बिदामा रहेको वा निलम्बन भएकोमा त्यस्तो बिदामा रहेको वा निलम्बन भएको अवधिभर उपदान कोषमा रकम जम्मा गरिने छैन।

तर त्यस्तो कर्मचारीलाई लगाइएको अभियोग प्रमाणित नभई निलम्बन फुकुवा भएमा संस्थानले निलम्बन अवधिमा पाउने तलब बापतको रकमबाट उपविनियम (६) बमोजिम एकमुष्ट रूपमा कट्टा गरी जम्मा गरिदिनु पर्नेछ ।

(८) कुनै कर्मचारी जुनसुकै कारणबाट सेवामा नरहेमा उपविनियम (६) बमोजिम निजको व्यक्तिगत खातामा जम्मा भएको रकम व्याज र मुनाफा समेत निजले एकमुष्ट रूपमा पाउनेछ।

सूचना तथा सञ्चार मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं



मा. डा. विक्रम तिमिल्सिना मन्त्री

(९) उपविनियम (४) बमोजिमको उपदान कोषमा रकम जम्मा गर्ने कुनै कर्मचारीको मृत्यु भएमा उपविनियम (६) बमोजिम जम्मा भएको रकम, सोको व्याज तथा मुनाफा समेत निजले इच्छाएको व्यक्तिले एकमुष्ट रूपमा पाउनेछ ।

(१०) उपविनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत्यु भएको कर्मचारीले कसैलाई नइच्छाएको वा इच्छाएको व्यक्तिको समेत मृत्यु भइसकेको अवस्थामा त्यस्तो कर्मचारीको नजिकको हकवालाले प्रचलित कानून बमोजिम त्यस्तो रकम पाउनेछ।

(११) योगदानमा आधारित उपदान प्रणाली सम्बन्धी अन्य व्यवस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ।"

१८. <u>मूल विनियमावलीको विनियम ८१ मा संशोधनः</u> मूल विनियमावलीको विनियम ८१ को,-

(१) विनियम ८१ मा रहेको व्यवस्थालाई उपविनियम (१) कायम गरिएको छ।

(२) उपविनियम (१) पछि देहायको उपविनियम (२) थप गरिएको छः-

"(२) संस्थानको ठूलो प्रेक्षालय (मेगा हल) बाट हुने कुल मासिक आम्दानीको पाँच प्रतिशतका दरले हुन आउने रकम उपविनियम (१) बमोजिमको कोषमा मासिक रूपमा जम्मा गर्नु पर्नेछ।"

१९. <u>मूल विनियमावलीको विनियम ८४ मा संशोधनः</u> मूल विनियमावलीको विनियम ८४ को उपविनियम (३) पछि देहायको उपविनियम (४) र (५) थप गरिएको छः-

"(४) कर्मचारीले कार्यालय समयमा संस्थानले तोके बमोजिमको पोसाक लगाउनु पर्नेछ।

(५) एक आर्थिक वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई प्रत्येक वर्ष निजामती कर्मचारीले पाए सरहको पोसाक भत्ता दिइनेछ ।"

२०. <u>मूल विनियमावलीको विनियम १०८ मा संशोधनः</u> मूल विनियमावलीको विनियम १०८ मा रहेका "१०२" भन्ने अङ्कको सट्टा "१०४" भन्ने अङ्क राखिएको छ।

२१. <u>मूल विनियमावलीको विनियम १०९ मा संशोधनः</u> मूल विनियमावलीको विनियम १०९ मा रहेको "१०२" भन्ने अङ्कको सट्टा "१०८" भन्ने अङ्क राखिएको छ।

२२. <u>मूल विनियमावलीको विनियम १११ मा संशोधनः</u> मूल विनियमावलीको विनियम १११ मा रहेको "१०८" भन्ने अङ्कको सट्टा "११०" भन्ने अङ्क राखिएको छ।

२३. <u>मूल विनियमावलीको विनियम ११४ मा संशोधनः</u> मूल विनियमावलीको विनियम ११४ को उपविनियम (२) मा रहेको "११०" भन्ने अङ्कको सट्टा "११२" भन्ने अङ्क राखिएको छ।

२४. <u>मूल विनियमावलीको परिच्छेद -९ पछि परिच्छेद-९क.थपः</u> मूल विनियमावलीको परिच्छेद-९ पछि देहायको परिच्छेद ९क. थप गरिएको छः-

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

"परिच्छेद-९क.

## निमित्त, कायममुकाय तथा काज सम्बन्धी व्यवस्था

११७क. **निमित्त भई काम गर्ने:** (१) महाप्रबन्धक संस्थानको कुनै विशेष काम तथा कार्यक्रममा सहभागी हुनु पर्ने भएमा वा कुनै कारणले कार्यालयमा अनुपस्थित हुने भएमा निजले संस्थानको वरिष्ठतम कर्मचारीलाई निमित्त प्रमुख भई कार्यालयको दैनिक कार्य सञ्चालन गर्न तोक्नु पर्नेछ।

(२) निमित्त प्रमुख भई काम गर्ने अधिकारीले न्यायिक, आर्थिक र दीर्घकालीन असर पर्ने प्रकृतिको निर्णय गर्न पाउने छैन।

(३) उपविनियम (१) बमोजिम पन्ध्र दिनभन्दा बढी अवधि निमित्त भई कामकाज गरेको कर्मचारीले एक तह माथिको पदको तलब सुविधा त्यसरी काम गरेको मितिदेखि पाउनेछ।

११७ख. **कायम मुकायम:** (१) महाप्रबन्धक कुनै कारणले कारबाहीमा परी निलम्बन भएमा वा पद रिक्त भएमा संस्थानमा कार्यरत वरिष्ठ कर्मचारीलाई मन्त्रालयले कायम मुकायम तोक्न सक्नेछ।

(२) कुनै पदमा कायम मुकायम भई वा पन्ध्र दिनभन्दा बढी अवधि निमित्त भई काम गरेकोमा त्यसरी काम गर्ने कर्मचारीले जुन पदमा काम गरेको छ, सोही पदको शुरू तलब स्केल बराबरको रकम त्यसरी काम गरेको मितिदेखि पाउनेछ ।

(३) उपविनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी कायममुकायम वा निमित्त भई काम गर्ने कर्मचारीले पाउने तलब, भत्ता निजले एक तहमाथिको पदमा बढुवा पाएमा पाउने शुरू तलब, भत्ताभन्दा बढी हुने छैन ।

तर त्यसरी पाउने तलब, भत्ताको रकम निजले खाइपाई आएको तलब, भत्ताभन्दा घटी हुने छैन।

(४) उपविनियम (१) विपरीत कुनै कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

११७ग. **काज सम्बन्धी व्यवस्था:** (१) महाप्रबन्धकले आवश्यकता अनुसार संस्थानको कामको लागि कर्मचारीलाई स्वदेशमा काजमा खटाउन सक्नेछ । त्यसरी काजमा खटाइएको कर्मचारीले प्रतिवेदन बुझाउनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम महाप्रबन्धकले संस्थानको काममा काजमा खटाइएको कर्मचारीले नेपाल सरकारको तोके बमोजिम सम्बन्धित कर्मचारीको तह अनुसारको दैनिक भत्ता पाउनेछ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

(३) कुनै निकायले प्रशिक्षण तथा तालिमका लागि संस्थानको कर्मचारी माग गरेमा सम्बन्धित निकायले नै संस्थानको कर्मचारीलाई नेपाल सरकारले समान तहका कर्मचारीलाई तोके बमोजिम दैनिक तथा भ्रमण भत्ता दिनु पर्नेछ।

(४) संस्थानको कार्यप्रकृतिसँग मेल खाने नेपाल सरकारका अन्य निकायबाट अनुरोध भई आएमा महाप्रबन्धकले सम्बन्धित कर्मचारीलाई कामकाज गर्न खटाउन सक्नेछ।"

२५. **मूल विनियमावलीको अनुसूचीमा संशोधनः** मूल विनियमावलीको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छ।

**"अनुसूची-१**

**(विनियम ४ को उपविनियम (२) सँग सम्बन्धित)**

**संस्थानको सेवा अन्तर्गत रहने समूह,तह र पद**

**क. प्रशासन सेवा अन्तर्गत रहने तह र पद**

| **अ. प्रशासन सेवा, प्रशासन समूह,अन्तर्गत रहने तह र पद** | |
|---|---|
| **तह** | **पद** |
| ४ | प्रशासन सहायक |
| ५ | वरिष्ठ प्रशासन सहायक |
| ६ | सहायक प्रशासकीय अधिकृत |
| ७ | प्रशासकीय अधिकृत |
| ८ | वरिष्ठ प्रशासकीय अधिकृत |
| ९ | प्रबन्धक (समूहिकृत नहुने) |
| **आ.प्रशासन सेवा, लेखा समूह अन्तर्गत रहने तह र पद** | |
| ५ | लेखापाल |
| ६ | सहायक लेखा अधिकृत |

**नोटः प्रशासन सेवामा रहेका तह ७ र सोभन्दा माथिका पद समूहिकृत हुने छैन ।**

**ख. कलाकार सेवा अन्तर्गत रहने तह, पद र समूह**

| **तह** | **पद** |
|---|---|
| ४ | सहायक कलाकार (गायन ,वाद्यवादन ,नृत्य ,नाटक) |
| ५ | वरिष्ठ कलाकार (गायन ,वाद्यवादन ,नृत्य ,नाटक) |
| ६ | सहायक कलाकार अधिकृत (गायन ,वाद्यवादन ,नृत्य ,नाटक) |
| ७ | कलाकार अधिकृत (गायन ,वाद्यवादन ,नृत्य ,नाटक) |
| ८ | वरिष्ठ कलाकार अधिकृत |
| **कलाकार सेवा अन्तर्गत रहने तहविहीन पद** | |
| अ. | सहयोगी कलाकार (गायन, वाद्यवादन, नृत्य, नाटक) - प्रथमस्तर, |



मा. डा. विकास तिमिल्सिना
मन्त्री

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| | द्वितीयस्तर, तृतीयस्तर |
| आ. | कलाकार प्राविधिक - प्रथमस्तर, द्वितीयस्तर, तृतीयस्तर<br>(प्रकाश व्यवस्थापन, इलेक्ट्रीकल, साउण्ड रेकडिङ्ग, दृश्य सम्पादन, एरेन्ज एण्ड मिक्सिङ्ग, छायांकन, ध्वनी व्यवस्थापन, श्रव्य दृश्य) |

**नोटः कलाकार सेवामा रहेका तह ८ र सोभन्दा माथिका पद समूहिकृत हुने छैन ।**

ग. संस्थानको सेवामा ९ औं तहको प्रबन्धक पद रहनेछ र सो पदमा प्रशासन सेवा र कलाकार सेवाका कर्मचारी मध्येबाट यस विनियमावली बमोजिम कार्यक्षमताको मूल्याङ्कनबाट हुने बढुवाद्वारा पदपूर्ति गरिनेछ।"

२६. **मूल विनियमावलीको अनुसूचीमा संशोधनः** अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छ।

**"अनुसूची-२**
**(विनियम ११ सँग सम्बन्धित)**

सेवा : प्रशासन

| क्र.सं. | समूह | तह | पद | खुला प्रतियोगिताको लागि न्यूनतम शैक्षिक योग्यता | बढुवाको लागि न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | प्रशासन | नवौं | प्रबन्धक | ----------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण ।<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत (गायन/ वादन/ नृत्य) वा नाट्य अभिनय विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र संगीत (गायन/ वादन/ नृत्य) वा नाट्य अभिनयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। |
| २. | प्रशासन | आठौं | बरिष्ठ प्रशासकिय अधिकृत | ----------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| ३. | प्रशासन | सातौं | प्रशासकिय अधिकृत | ----------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ४. | प्रशासन | छैटौं | सहायक प्रशासकिय अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा माध्यामिक शिक्षा (एस.एल.सी. ई./कक्षा १२) परीक्षा वा |



मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

| क्र.सं. | समूह | तह | पद | खुला प्रतियोगिताको लागि न्यूनतम शैक्षिक योग्यता | वढुवाको लागि न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| | | | | उत्तीर्ण । | सो सरह उत्तीर्ण। |
| ५. | प्रशासन | पाँचौ | वरिष्ठ प्रशासन सहायक | ----------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा एस.ई.ई. वा सो सरह उत्तीर्ण । |
| ६. | प्रशासन | चौथो | प्रशासन सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा एस.ई.ई. वा सो सरह उत्तीर्ण । | ----------------- |
| ७. | लेखा | छैटौं | सहायक लेखा अधिकृत | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषयसहित स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह सहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण। | मान्यताप्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त विषयसहित प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा (एस.एल.सी. ई./ कक्षा १२) वा सो सरह उत्तीर्ण । |
| ८. | लेखा | पाँचौ | लेखापाल | ----------------- | मान्यताप्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त विषयसहित एस.एल.सी./ एस.ई.ई उत्तीर्ण वा सो सरह उत्तीर्ण । |

सेवा : कलाकार

| क्र.सं. | समूह | तह | पद | खुला प्रतियोगिताको लागी न्यूनतम शैक्षिक योग्यता | वढुवाको लागि न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | कलाकार | आठौं | बरिष्ठ कलाकार अधिकृत | ----------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत (गायन/ वादन/ नृत्य) वा नाट्य अभिनय विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र संगीत.. (गायन/ वादन/ नृत्य) वा नाट्य अभिनयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। |

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

| क्र.सं. | समूह | तह | पद | खुला प्रतियोगिताको लागी न्यूनतम शैक्षिक योग्यता | वढुवाको लागि न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| २. | गायन | सातौं | कलाकार अधिकृत (गायन) | ---------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषयमा स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको र गायन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना तालिम प्राप्त गरेको। |
| ३. | गायन | छैटौं | सहायक कलाकार अधिकृत (गायन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषयमा स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको र गायन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको र सम्बन्धित विधाको क्षेत्रमा २ वर्ष कार्य अनुभव हासिल गरेको। | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा (एस.एल.सी. ई./ कक्षा १२) वा सो सरह उत्तीर्ण वा प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा (एस.एल.सी. ई./ कक्षा १२) उत्तीर्ण गरेको र गायन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको । |
| ४. | गायन | पाँचौं | बरिष्ठ कलाकार (गायन) | ---------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित एस.एल.सी/एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी./ एस.ई.ई उत्तीर्ण गरेको र गायन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको । |
| ५. | गायन | चौथो | सहायक कलाकार (गायन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित एस.एल.सी/ एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी, / एस.ई.ई उत्तीर्ण गरेको र गायन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त । | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित एस.एल.सी/ एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी, / एस.ई.ई उत्तीर्ण गरेको र गायन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको। |
| ६. | वाद्यवादन | सातौं | कलाकार अधिकृत (वाद्यवादन) | ---------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषयमा स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको र |



नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार

मा. ... विक्रम ... मन्त्री

| क्र.सं. | समूह | तह | पद | खुला प्रतियोगिताको लागी न्यूनतम शैक्षिक योग्यता | बढुवाको लागि न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| | | | | | वाद्यवादन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। |
| ७. | वाद्यवादन | छैटौं | सहायक कलाकार अधिकृत (वाद्यवादन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषयमा स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको र वाद्यवादन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको र सम्बन्धित विधाको क्षेत्रमा २ वर्ष कार्य अनुभव हासिल गरेको। | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा (एस.एल.सी. ई./ कक्षा १२) वा सो सरह उत्तीर्ण वा प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा (एस.एल.सी. ई./ कक्षा १२) वा सो सरह उत्तीर्ण र वाद्यवादन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। |
| ८. | वाद्यवादन | पाँचौं | बरिष्ठ कलाकार (वाद्यवादन) | ---------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित एस.एल.सी/ एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी, / एस.ई.ई उत्तीर्ण गरेको र वाद्यवादन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त । |
| ९. | वाद्यवादन | चौथो | सहायक कलाकार (वाद्यवादन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित एस.एल.सी/ एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी, / एस.ई.ई उत्तीर्ण गरेको र वाद्यवादन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त । | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित एस.एल.सी./ एस.ई.ई उत्तीर्ण गरेको वा एस.एल.सी./ एस.ई.ई उत्तीर्ण र वाद्यवादन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त । |
| १०. | नृत्य | सातौं | कलाकार अधिकृत (नृत्य) | ---------------- | मान्यंता प्राप्त शिक्षण संस्थाबाट संगीत मूल विषय सहित स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको र नृत्य विधामा मान्यता प्राप्त संस्थाबाट |



नेपाल सरकार ... सञ्चार मन्त्रालय सिंहदरबार

विक्रम तिमिल्सिना
मन्त्री

| क्र.सं. | समूह | तह | पद | खुला प्रतियोगिताको लागी न्यूनतम शैक्षिक योग्यता | बढुवाको लागि न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| | | | | | कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको। |
| ११. | नृत्य | छैटौ | सहायक कलाकार अधिकृत (नृत्य) | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत मूल विषय सहित स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको र नृत्य विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको र सम्बन्धित विधाको क्षेत्रमा २ वर्ष कार्य अनुभव हासिल गरेको। | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा (एस.एल.सी. ई./ कक्षा १२) वा सो सरह उत्तीर्ण वा प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा (एस.एल.सी. ई./ कक्षा १२) वा सो सरह उत्तीर्ण र नृत्य विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। |
| १२. | नृत्य | पाँचौं | बरिष्ठ कलाकार (नृत्य) | ---------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित एस.एल.सी./ एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी / एस.ई.ई उत्तीर्ण गरेको र नृत्य विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको। |
| १३. | नृत्य | चौथो | सहायक कलाकार (नृत्य) | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित एस.एल.सी./ एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी / एस.ई.ई उत्तीर्ण गरेको र नृत्य विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको। | मान्यता प्राप्त शिक्षण संस्थाबाट संगीत विषय सहित एस.एल.सी./ एस.ई.ई उत्तीर्ण गरेको वा एस.एल.सी./ एस.ई.ई उत्तीर्ण र नृत्य विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त । |
| १४. | नाटक | सातौं | कलाकार अधिकृत (नाटक) | ---------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट नाट्य/ अभिनय मूल विषय सहित स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको र नाट्य अभिनय विधामा |



मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

| क्र.सं. | समूह | तह | पद | खुला प्रतियोगिताको लागी न्यूनतम शैक्षिक योग्यता | वढुवाको लागि न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| | | | | | मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। |
| १५. | नाटक | छैटौं | सहायक कलाकार अधिकृत (नाटक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट नाट्य/ अभिनय मूल विषय सहित स्नातक तह उत्तीर्ण वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको र नाट्य अभिनय विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ महिनाको तालिम प्राप्त र सम्बन्धित विधाको क्षेत्रमा २ वर्ष कार्य अनुभव हासिल गरेको। | मान्यता प्राप्त शिक्षण संस्थाबाट नाट्य/ अभिनय विषय सहित प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा (एस.एल.सी. ई./ कक्षा १२) वा सो सरह उत्तीर्ण वा प्रविणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा (एस.एल.सी. ई./ कक्षा १२) वा सो सरह उत्तीर्ण र नाट्य अभिनय विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। |
| १६. | नाटक | पाँचौं | बरिष्ठ कलाकार (नाटक) | ---------------- | मान्यता प्राप्त शिक्षण संस्थाबाट नाट्य वा अभिनय विषय सहित एस.एल.सी / एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी, एस.ई.ई उत्तीर्ण गरेको र नाट्य अभिनय विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त । |
| १७. | नाटक | चौथो | सहायक कलाकार (नाटक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट नाट्य वा अभिनय विषय सहित एस.एल.सी / एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी, एस.ई.ई उत्तीर्ण गरेको र नाट्य अभिनय विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त । | मान्यता प्राप्त शिक्षण संस्थाबाट नाट्य वा अभिनय विषय सहित एस.एल.सी / एस.ई.ई उत्तीर्ण गरेको वा कुनै विषयमा एस.एल.सी, एस.ई.ई उत्तीर्ण गरेको र नाट्य अभिनय विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त । |
| १८. | गायन | प्रथम | सहयोगी कलाकार (गायन) | सामान्य लेखपढ गर्न सक्ने र गायन विधामा मान्यता प्राप्त संस्थाबाट | ---------------- |



मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

| क्र.सं. | समूह | तह | पद | खुला प्रतियोगिताको लागी न्यूनतम शैक्षिक योग्यता | वढुवाको लागि न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| | | | | कम्तीमा छ महिनाको तालिम प्राप्त । | |
| १९. | वाद्यवादन | प्रथम | सहयोगी कलाकार (वाद्यवादन) | सामान्य लेखपढ गर्न सक्ने र वाद्यवादन विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त । | ----------------- |
| २०. | नृत्य | प्रथम | सहयोगी कलाकार (नृत्य) | सामान्य लेखपढ गर्न सक्ने र नृत्य विधामा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त । | ----------------- |
| २१. | नाटक | प्रथम | सहयोगी कलाकार (नाटक) | सामान्य लेखपढ गर्न सक्ने र नाट्य अभिनय विधामा मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिनाको तालिम प्राप्त । | ----------------- |
| २२. | कलाकार प्राविधिक | प्रथम | कलाकार प्राविधिक प्रथमस्तर (प्रकाश व्यवस्थापन, इलेक्ट्रिकल, साउण्ड रेकर्डिङ्ग, दृश्य सम्पादन, एरेन्ज एण्ड मिक्सिङ्ग, छायांकन,ध्वनि व्यवस्थापन, श्रव्यदृश्य) | सामान्य लेखपढ गर्न सक्ने र सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम प्राप्त । | ----------------- |

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री